पब्लिक दर्ता नं. १६६०१३/०७३/०७४

# सयपत्री हाइड्रोपावर लिमिटेड

काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ०७, चावहिल, काठमाण्डौं

९ औं वार्षिक साधारण सभामा

## सञ्चालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको ९ औं वार्षिक साधारण सभामा सहभागी हुन पाल्नु भएका आदरणीय शेयरधनी महानुभावहरुमा कम्पनीको सञ्चालक समिति हार्दिक स्वागत तथा न्यानो अभिवादन गर्दछ । आर्थिक वर्ष २०८१/०८२ मा कम्पनीले गरेको प्रगतिहरु, प्राप्त उपलब्धिहरु, कम्पनी सञ्चालनमा देखिएका चुनौतीहरु एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र हाइड्रोपावर कार्यको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३; विद्युत ऐन, २०४९; विद्युत नियमावली, २०५०; विद्युत नियमन आयोग ऐन, २०७४; विद्युत नियमन आयोग नियमावली, २०७५; विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५; औद्योगिक व्यवसाय ऐन, २०७६; औद्योगिक व्यवसाय नियमावली, २०७८; धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित कानूनको अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट कम्पनीको आठौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ ।

### आर्थिक वर्ष २०८१/०८२ को कारोबारको सिंहावलोकन

यस कम्पनीद्वारा सञ्चालित २.५ मे.वा. क्षमताको दरम खोला 'ए' जलविद्युत आयोजनाको निर्माण कार्य सफलता पूर्वक सम्पन्न भई आयोजनाबाट मिति २०७३/०३/१२ बाट व्यापारिक विद्युत उत्पादन कार्य सुरु गरेको थियो । तद्पश्चात् यस कम्पनीद्वारा सुचारु रुपमा विद्युत उत्पादन गरी रहेको छ । दरम खोला 'ए' जलविद्युत आयोजनाबाट व्यापारिक विद्युत उत्पादन सुरु गरेको ९ वर्ष ६ महिना भई सकेको छ ।

आर्थिक वर्ष २०८१/०८२, आर्थिक वर्ष २०८०/०८१ र आर्थिक वर्ष २०७९/०८० मा कम्पनीले हासिल गरेको वित्तीय विवरणको झलक निम्न बमोजिम रहेको छः

| विवरण | आर्थिक वर्ष २०८१/०८२ | आर्थिक वर्ष २०८०/०८१ | आर्थिक वर्ष २०७९/०८० |
|---|---|---|---|
| बिक्री आम्दानी | ५,७८,१७,८४९.७६ | ५,७३,३१,४९५.९४ | ५,६०,५२,६३२.२१ |
| अन्य आम्दानी | ७,४८,०३५.६३ | २६,६०७.७८ | ७०,८८,१६५.७८ |
| जम्मा आम्दानी | ५,८५,६५,८८५.३९ | ५,७३,५८,१०३.७२ | ६,३१,४०,७९७.९९ |
| बिक्रीको लागत | ७३,७१,३५१.७१ | ४५,९३,६९८.३४ | ४५,६५,४१९.३९ |
| प्रशासकिय खर्च | ३०,१८,७२२.४४ | १९,७२,७६१.९३ | ४०,७५,८६५.०२ |
| कर्मचारी तलब तथा भत्ता खर्च | ४७,६५,५००.०१ | ४२,५९,८१६.६६ | ४१,२५,९४२.९२ |
| ह्रास खर्च | १,९४,०२,२६४.६३ | १,७६,८९,८७४.६० | १,७७,०२,११४.८० |
| बैंक ब्याज र शुल्क खर्च | १,९८,४७,१०८.४९ | २,७३,८२,५१०.७६ | ३,१४,४१,१४३.२० |
| सम्पति बिक्रीबाट नोक्सानी | - | - | - |
| जम्मा खर्च | ५,४४,०४,९७८.२८ | ५,५८,९८,६६२.२९ | ६,१९,१०,४८५.३३ |
| यस बर्षको खूद नाफा-नोक्सान | ४१,६०,९०७.११ | १४,५९,४४१.४३ | १२,३०,३१२.६६ |

| | | | |
|---|---|---|---|
| शेयर संख्या | ३०,००,००० | ३०,००,००० | ३०,००,००० |
| प्रति शेयर आम्दानी | १.३९ | ०.४९ | ०.४१ |
| खुद सम्पत्ति | २७,२५,२८,९२८.०६ | २६,८३,६८,०२०.९५ | २६,६९,०८,५८०.५२ |

आर्थिक वर्ष २०८१/०८२ को बिद्युत उत्पादन तथा बिक्रीको अवस्था निम्न बमोजिम रहेको छ:

| महिना | लक्ष्य (युनिट) | जम्मा उत्पादन (युनिट) | प्रति युनिट दर | जम्मा बिक्रि (युनिट) | प्राप्त रकम (ने.रु) |
|---|---|---|---|---|---|
| २०८१ श्रावण | १८,०५,७६० | १६,७८,००० | ५.५२ | १६,४७,२९२.६ | ९०,९३,०५५.१५ |
| २०८१ भाद्र | १७,४९,३३० | १७,४५,००० | ५.५२ | १७,१३,०६६.५ | ९४,५६,१२७.०८ |
| २०८१ असोज | १६,९२,९०० | १५,९३,००० | ५.५२ | १५,६३,८४८.१ | ८६,३२,४४१.५१ |
| २०८१ कार्तिक | १५,७०,८२७ | १०,९०,००० | ५.५२ | १०,७०,०५३.० | ५९,०६,६९२.५६ |
| २०८१ मंसिर | ११,८१,७९५ | ७,५९,००० | ५.५२ | ७,४५,११०.३ | ४१,१३,००८.८६ |
| २०८१ पौष | ८,४४,१८६ | ४,७५,००० | ९.६६ | ४,६६,३०७.५ | ४५,०४,५३०.४५ |
| २०८१ माघ | ७,२६,५९३ | ३,३४,००० | ९.६६ | ३,२७,८८७.८ | ३१,६७,३९६.१५ |
| २०८१ फागुन | ५,५८,०८८ | २,४६,००० | ९.६६ | २,४१,४९८.२ | २३,३२,८७२.६१ |
| २०८१ चैत्र | ४,२३,३४८ | १,७९,००० | ९.६६ | १,७५,७२४.३ | १६,९७,४९६.७४ |
| २०८२ वैशाख | ४,६०,१२४ | १,५५,००० | ५.५२ | १,५२,१६३.५ | ८,३९,९४२.५२ |
| २०८२ जेष्ठ | ९,५०,२३३ | १,७९,००० | ५.५२ | १,७५,७२४.३ | ९,६९,९९८.१४ |
| २०८२ असार | १८,०५,७६० | १३,११,००० | ५.५२ | १२,८७,००८.७ | ७१,०४,२८८. |
| जम्मा | १,३३,४५,५९६ | ९७,४४,००० | | ९५,६५,६८४.८० | ५,७८,१७,८४९.७९ |

आर्थिक वर्ष २०८१/०८२ मा यस कम्पनीले १,३३,४५,५९६ युनिट विद्युत उत्पादन गर्ने लक्ष्य राखेकोमा जम्मा ९७,४४,००० युनिट विद्युत उत्पादन गर्न सफल भएको छ । साथै समिक्षा आर्थिक वर्षमा विद्युत उत्पादन लक्ष्य मध्ये ७३.०१ प्रतिशत मात्र विद्युत उत्पादन गर्न कम्पनी सफल भएको थियो ।

शेयरको बजार मूल्य:

आर्थिक वर्ष २०८१/०८२ मा यस कम्पनीको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन:

| विवरण | पहिलो त्रैमासिक (आ.व. २०८१/०८२ को श्रावण महिनाको सूरु देखि आश्विन मसान्त सम्म) | दोस्रो त्रैमासिक (आ.व. २०८१/०८२ को कार्तिक महिनाको सूरु देखि पौष मसान्त सम्म) | तेस्रो त्रैमासिक (आ.व. २०८१/०८२ को माघ महिनाको सूरु देखि चैत्र मसान्त सम्म) | चौथो त्रैमासिक (आ.व. २०८१/०८२ को वैशाख महिनाको सूरु देखि आषाढ मसान्त सम्म) | आ.व. २०८१/०८२ (मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म) |
|---|---|---|---|---|---|
| न्यूनतम मूल्य | ६०५ | ६३८ | ७०८ | ६२२.३ | ६०५ |
| अधिकतम मूल्य | ७५०.२ | ८७० | ९२२ | ७८३ | ९२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्तिम मूल्य | ६७४.९ | ८०५ | ७६८.१९ | ६६७.६९ | ६६७.६९ |
| कुल कारोबार संख्या | ८९९० | ५७०६ | ४७६१ | २४४४ | २१९०१ |
| कारोबार भएको कूल दिन | ५७ | ५५ | ६१ | ६३ | २३६ |

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारमा परेको असर

कम्पनीको दरम खोला 'ए' जलविद्युत आयोजनाका लागि आवश्यक पार्टपूर्जा अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धिका कारण कम्पनीलाई असर परेको छ । साथै प्राकृतिक घटनाका कारण प्रसारण लाईनमा भएको क्षतिका कारण कम्पनीले उत्पादित विद्युत प्रसारण गर्नका केही अवरोध भएको थियो ।

चालु आर्थिक वर्षको हालसम्मको उपलब्धि

आर्थिक वर्ष २०८२/०८३ को श्रावण महिना देखि कार्तिक महिना सम्मको विद्युत उत्पादन तथा बिक्रीको अवस्था निम्न बमोजिम रहेको छ:

| महिना | लक्ष्य (युनिट) | जम्मा उत्पादन (युनिट) | प्रति युनिट दर | जम्मा बिक्रि (युनिट) | प्राप्त रकम (ने.रु) |
|---|---|---|---|---|---|
| २०८२ श्रावण | १७,४९,३३० | १६,५७,००० | ५.५२ | १६,२६,६७६.९ | ८९,७९,२५६.४९ |
| २०८२ भाद्र | १७,४९,३३० | १७,४५,७५६. | ५.५२ | १७,१३,८०८.६७ | ९४,६०,२२३.८६ |
| २०८२ असोज | १७,४९,३३० | १६,६०,८२५ | ५.५२ | १६,३०,४३१.९ | ८९,९९,९८४.१० |
| २०८२ कार्तिक | १५,७०,८२७ | ९,९५,९८६ | ५.५२ | ९,७७,७५९.४५ | ५३,९७,२३२.२० |
| जम्मा | ६८,१८,८१७ | ६०,५९,५६७ | | ५९,४८,६७६.९२ | ३,२८,३६,६९६.६५ |

आर्थिक वर्ष २०८१/०८२ को कार्तिक मसान्त सम्म यस कम्पनीले ६८,१८,८१७ युनिट विद्युत उत्पादन गर्ने लक्ष्य राखेकोमा जम्मा ६०,५९,५६७ युनिट विद्युत उत्पादन गर्न सफल भएको छ । साथै समिक्षा आर्थिक वर्षमा विद्युत उत्पादन लक्ष्य मध्ये ८८.८६ प्रतिशत विद्युत उत्पादन गर्न कम्पनी सफल भएको थियो ।

भविष्यका सम्बन्धमा योजना

कम्पनीको नाममा रहेको ऋण कर्जा भुक्तानी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजीको १:०.७४ अनुपातले हुने रु. २२,२५,५९,०००/- (नोट: *विद्युत नियमन आयोगबाट दिएको अनुमति रु. २२,२५,५८,९८९.१३/- भएता पनि दशमलवमा शेयर संख्या आउने हुँदा नजिकको अङ्कमा परिबर्तन गर्नु पर्ने भएको हुँदा*) रकम कम्पनीले प्राप्त गर्ने गरि हकप्रद शेयर निष्काशन गर्ने लक्ष्य रहेको छ ।

कम्पनीको औद्योगिक तथा व्यावसायिक सम्बन्ध

कम्पनीको कम्पनी दर्ता तथा अभिलेख कम्पनी रजिष्ट्रार कार्यालय, कम्पनीबाट सञ्चालित दरम खोला ए जलविद्युत आयोजनाको निर्माणका लागि उद्योग दर्ता तथा अभिलेख उद्योग विभाग गरिएको छ ।

साथै, विद्युत उत्पादन तथा प्रशारणको अनुमतिपत्र विद्युत विकास विभागबाट कम्पनीलाई प्राप्त भएको हो । उक्त कार्यालय तथा विभाग सहित कम्पनीले उत्पादित विद्युत खरिद गर्ने नेपाल विद्युत प्राधिकरण तथा दरम खोला 'ए' जलविद्युत आयोजनाको निमार्णका लागि वित्तीय सहयोग प्रदान गर्ने नेपाल बैंक लिमिटेड तथा ग्लोबल आईएमई बैंक लिमिटेड लगायत सबै सँग सुमधुर व्यावसायिक सम्बन्ध रहेको छ । उपरोक्त संस्थाहरुसँगको व्यावसायिक सम्बन्धले कम्पनीले थप सफलता हासिल गर्न सक्ने विश्वास सहित भविष्यमा पनि व्यावसायिक सम्बन्धलाई अझै सबल, चुस्त र दुरुस्त बनाउन कम्पनी सदैव सम्पूर्ण पक्षहरुसँग सौहाद्रपूर्ण एवं व्यवसायिक सम्बन्ध कायम गर्न सजग रहनेछ । साथै कम्पनीले यो सम्बन्ध अझ सुमधुर बनाउन निरन्तर प्रयास गर्दै आएको छ । कम्पनीले पारदर्शिता तथा संस्थागत सुशासनलाई उच्च प्राथमिकतामा राख्दै आफ्नो व्यवसाय विस्तार गर्ने कम्पनीको नीति रहेकोले कम्पनीले आफ्ना सम्पूर्ण सरोकारवालाहरुसँग सुमधुर व्यवसायिक सम्बन्ध कायम गरेको छ ।

**मानव संशाधन**

कम्पनीको व्यवस्थापनमा हाइड्रोपावर क्षेत्रमा लामो अवधिको कार्य अनुभव हासिल गरिसकेका योग्य, दक्ष कर्मचारीहरु रहेका छन् । कर्मचारीहरु कम्पनीका अमूल्य सम्पत्ति हुन् भन्ने मान्यतालाई आत्मसात गरी कम्पनीले कार्यसम्पादनमा प्रभावकारी भूमिका निर्वाह गर्न एवं कर्मचारीको वृत्ति विकासका विशेष ध्यान दिदैं आएको छ । कम्पनीको मानव संशाधन विकासमा कर्मचारीहरुको वार्षिक कार्य सम्पादन मूल्यांकन गरी सोही बमोजिम निजहरुको स्तर, पारिश्रमिक एवं सुविधा वृद्धि गर्ने परिपाटी लिइएको छ । यसका अतिरिक्त कम्पनीको सदैव योग्य, दक्ष, लगनशिल तथा इमान्दार कर्मचारीहरु नियुक्त गर्ने र त्यस्ता योग्य कर्मचारीहरुलाई कम्पनीको सेवामा कायमै राख्न उत्प्रेरित गर्नेमा प्रतिवद्ध छ । व्यवस्थापनको सोच तथा कर्मचारीको लगनले नै कम्पनीलाई यस बिन्दुमा सम्म सफलता पूर्वक आईपुग्न सहयोग गरेको छ ।

**संस्थागत सुशासन**

कम्पनी संस्थागत सुशासनको स्तरलाई सदैव अत्यन्त उच्च कायम राख्ने कुरामा पूर्ण प्रतिवद्ध छ । संस्थागत सुशासन कम्पनीको काम कारवाहीको मार्ग दर्शनको रुपमा रहेको मनन गर्दै सोही अनुरुप सञ्चालक समितिका काम कारवाहीहरु तथा कम्पनीका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवं सो को अनुभूति गराउन कम्पनी सदैव कृयाशिल छ । कम्पनी नेपाल विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण तथा उर्जा मन्त्रालयले एवं सम्बन्धित नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नीति निर्देशनलाई सजगताका साथ पूर्ण रुपमा पालना गर्दै आएको छ । कम्पनीले नियमनकारी निकायमा बुझाउनु पर्ने विवरण तथा कागजात यथासमयमै बुझाउने गरेको छ ।

**सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण**

समिक्षा आर्थिक बर्षमा कम्पनीको सञ्चालक समिति ७ (सात) जनाको रहेका छन् । कम्पनीको सञ्चालक समितिमा डा. एक नारायण चापागाई, गोपाल प्रसाद निउरे, सपिला राजभण्डारी, नर बहादुर थापा, बिराज गौतम, दिल बहादुर थापा र बिराज सुवेदी रहेका छन् । आर्थिक वर्ष २०८१/०८२ मा कम्पनीको सञ्चालक समितिमा कुनै पनि हेरफेर भएको छैन । तर कम्पनीका सञ्चालक समितिका सदस्य नर बहादुर थापाले मिति २०८२/०८/०१ मा राजिनामा दिनु भएको हुँदा यस कम्पनीको मिति २०८२/०८/०१ मा सम्पन्न ८५ औं सञ्चालक समितिको बैठकबाट निजको राजिनामा स्वीकृत गरिएको छ । हाल कम्पनीमा ६ (छ) जनाको सञ्चालक समिति रहेको छ । कम्पनीको नियमावली अनुसार ४ (चार) जना सञ्चालक र १ (एक) जना स्वतन्त्र सञ्चालक

पदको पदावधि आगामी ९ औं वार्षिक साधारण सभा सम्म रहेको हुँदा कम्पनीको नियमावली अनुसार कम्पनीको ९ औं वार्षिक साधारण सभामा कम्पनीको ४ (चार) जना सञ्चालक र १ (एक) जना स्वतन्त्र सञ्चालक चयनका लागि प्रस्ताव पेश गरिनेछ ।

**संस्थागत सामाजिक उत्तरदायित्वः**

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीले दरम खोला 'ए' जलविद्युत आयोजनाको क्षेत्रमा हुन सक्ने वातावरणले ह्रास जगेर्ना गर्न विभिन्न सचेतनाको उपाय अपनाई रहेको छ । यस अलावा कम्पनीले विशेष गरेर दरम खोला 'ए' जलविद्युत आयोजना वरिपरीका प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित क्षेत्रहरुमा विद्युत, रोजगारी, सिंचाई, बाटोघाटो जस्ता कार्यहरुमा उल्लेख्य सहयोग पुर्‍याउँदै आएको छ ।

**कम्पनीको कारोबारलाई असर पार्ने मुख्य कुराहरु**

कम्पनीबाट सञ्चालित दरम खोला 'ए' जलविद्युत आयोजनामा प्रकृति कारण कुनै भवितव्य वा दुर्घटना भएमा, दरम खोला 'ए' जलविद्युत आयोजना निर्माणका लागि लिएको कर्जामा हुन सक्ने ब्याजदरमा हुने परिवर्तन तथा थपघट भएमा कम्पनीको कारोवारमा असर पर्न सक्छ । साथै कम्पनीमा कार्यरत दक्ष कर्मचारीलाईले कम्पनी छोडेमा पनि कम्पनीको व्यवस्थापनामा असर पर्न सक्छ । यसका अलावा राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुनसक्ने संभावित जोखिमहरुबाट समेत कम्पनीलाई असर हुन सक्छ । साथै दरम खोला 'ए' जलविद्युत आयोजना स्थलमा कायम हुने जलवायु परिवर्तनका कारणले समेत कम्पनीको कारोबारमा असर पर्न सक्छ ।

कम्पनीले नेपालको प्रचलित कानून तथा नेपाल विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण तथा उर्जा मन्त्रालयको दिएका निर्देशन तथा सुझाव बमोजिम कार्य गरिरहेको छ । साथै, कम्पनीले बजारमा हुने प्रतिस्पर्धाको सामना गर्नको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्‍याएको छ । यस बाहेक व्यवसायिक जोखिम एवं बाह्य कारणहरुबाट श्रृजना हुनसक्ने जोखिम व्यवस्थापनको लागि चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन वा न्यून गर्न कम्पनी सक्षम तथा प्रतिबद्ध रहेको छ ।

**लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया**

आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनमा सामान्य कैफियत रहेकोमा सो उपर कारवाही भइसकेको छ । साथै लेखापरीक्षणको अन्तिम प्रतिवेदनमा कुनै कैफियत नभएको व्यहोरा जानकारी गराउँदछौं ।

**लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम**

कम्पनीले निर्माण गरी सञ्चालनमा रहेको दरमखोला 'ए' जलविद्युत आयोजनाको मिति २०७३/०३/१२ बाट व्यापारिक विद्युत उत्पादन कार्य सुरु भई कम्पनीले आम्दानी गर्न सुरु भएको ९ वर्ष ६ महिना भन्दा बढी भै सकेको छ । उत्पादित विद्युत बिक्री नेपाल विद्युत प्राधिकरणलाई गरी प्राप्त आम्दानी कम्पनीको व्यवस्थापन गर्न, नेपाल विद्युत विकास विभागलाई रोयल्टी तिर्न तथा नेपाल बैंक लिमिटेड र ग्लोबल आईएमई बैंक लिमिटेडबाट प्राप्त वित्तीय ऋण कर्जाको सावा तथा ब्याज तिर्न बुझाउन खर्च भै रहेको हुँदा कम्पनीले हाल लाभांश बाँडफाँड गर्न योग्यसरी नाफा आर्जन गर्न नसकेको हुँदा कम्पनीले शेयरधनीलाई लाभांश बाँडफाँड गर्न असमर्थ रहेको छ ।

लेखापरीक्षकको नियुक्ती

लेखापरिक्षक डि.एन. शाह एण्ड एशोसियट्स (DN Shah & Associates), चार्टड एकाउन्टेन्ट्सले आर्थिक वर्ष २०८१/०८२ कम्पनीको लेखापरिक्षण सफलतापूर्वक सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्दछौं । साथै, यस कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षक डि.एन. शाह एण्ड एशोसियट्स (DN Shah & Associates), चार्टड एकाउन्टेन्ट्सलाई लेखापरीक्षक नियुक्ति गर्नका लागि साधारण सभामा प्रस्ताव पेश पेश गरिएको छ ।

वातावरणमा परेको प्रभाव

सामान्यतया: दरम खोला 'ए' जलविधुत आयोजना सञ्चालनका कारण समिक्षा आर्थिक वर्षमा वातावरणमा उल्लेखिनिय प्रतिकूल प्रभाव पाईएको छैन ।

अन्त्यमा,

कम्पनीको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन दिनुभई यस कम्पनीलाई वर्तमान अवस्थासम्म आइपुग्न आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग पुऱ्याउनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, तथा समस्त सरोकारवालाहरुप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछौं । कम्पनीको वित्तीय व्यवस्थापनमा सदैव सहयोग र सदभाव राख्ने वितीय संस्था एवं बैंकहरुलाई पनि धन्यवाद दिन चाहन्छु । साथै कम्पनीको सञ्चालन र व्यवस्थापनमा आफ्ना अमूल्य योगदान पुऱ्याउनु भएका सम्पूर्ण सञ्चालकहरु तथा कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छौं । कम्पनीको सफलताको लागि अथक परिश्रम गर्ने व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद